माननीय मन्त्रीस्तरबाट मिति २०८१।०८।३० मा स्वीकृत

# जीवनाशक विषादीको व्यावसायिक इजाजतपत्रका लागि तालिम संचालन कार्यविधि, २०८१

**प्रस्तावनाः** पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्रका लागि आवश्यक पर्ने तालिम लिन चाहने व्यक्ति, संस्था वा निकायलाई इजाजतपत्र प्रदान गर्नुअघि केन्द्रले विषादी सम्बन्धी प्राविधिक जानकारी दिनुपर्ने कानूनी प्रावधान कार्यान्वयन गर्नु आवश्यक भएकोले,

जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जीवनाशक विषादीको व्यावसायिक इजाजतपत्रका लागि तालिम संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनःप्याकिङ्ग गर्न नियमावलीको नियम ११ को उपनियम (३) बमोजिम दिएको इजाजतपत्र सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले ऐनको दफा १४ को उपदफा (१) बमोजिम स्थापित प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र सम्झनु पर्छ ।

(घ) "तालिम" भन्नाले दफा ३ बमोजिम संचालन हुने तालिम सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ सम्झनु पर्छ ।

(च) "परीक्षा" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संचालन हुने परीक्षा सम्झनु पर्छ ।

(छ) "प्याकिङ्ग वा पुनः प्याकिङ्ग" भन्नाले नियमावलीको नियम २ को खण्ड (च) बमोजिम जीवनाशक विषादीको गुणस्तर बिग्रन नदिई सुरक्षित तवरले स्वीकृत कन्टेनरमा राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले प्याकिङ्ग भई आएको जीवनाशक विषादी उपयुक्त मात्रामा स्वीकृत कन्टेनरमा गुणस्तर बिग्रन नदिई



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

सुरक्षित तवरले पुनः राख्ने कार्य वा पुनः प्याकिङ्ग गर्ने कार्य समेतलाई जनाउँछ।

(ज) "प्रमुख" भन्नाले ऐनको दफा १६ बमोजिम तोकिएको जीवनाशक विषादीको पञ्जीकरण तथा व्यवस्थापन प्रमुख सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद -२

## तालिम सञ्चालन प्रक्रिया

३. **केन्द्रले तालिम संचालन गर्ने** : (१) केन्द्रले जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ग), नियम १२ र नियम १३ को उपनियम (१) को खण्ड (ङ) को प्रयोजनको लागि तालिम संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम एवम् अवधि देहाय वमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको हकमा अनुसूची -१ बमोजिम,

(ख) जीवनाशक विषादीको ओसारपसारको हकमा अनुसूची -२ बमोजिम,

(ग) नियम १३ को उपनियम (१) को खण्ड (ङ) मा तोकिएबमोजिमको पुनर्ताजगी तालिमको हकमा अनुसूची -३(क) र (ख) बमोजिम ।

(३) तालिमका सहभागीले उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको तालिमको पाठ्यक्रममा आधारित रहि केन्द्रबाट लिइएको लिखित परीक्षामा सहभागी हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको परीक्षामा कम्तीमा ५० प्रतिशत प्राप्ताङ्क सहित उत्तीर्ण भएका सहभागीलाई मात्र केन्द्रबाट अनुसूची -४ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ। साथै, यसै प्रमाणपत्रमा उपदफा (२) को खण्ड (ग) बमोजिमको तालिम लिएको विवरण समेत अद्यावधिक गरिनेछ।

(५) केन्द्रले संचालन गरेका सबै तालिमहरुको सन्दर्भ नम्बर (Reference Number) उल्लेख गरी सो अन्तर्गतका सहभागीहरुको विस्तृत विवरण, परीक्षामा सहभागी हुने प्रशिक्षार्थीको व्यक्तिगत विवरण तथा प्राप्ताङ्क सम्बन्धी विवरण, उपदफा (४) बमोजिम जारी गरिएका प्रमाणपत्र तथा यसको अध्यावधिक सम्बन्धी विवरण लगायतका अन्य विवरणहरु अभिलेखीकरण गरी प्रमुखबाट स्वीकृत गराइ सुरक्षित राख्नु पर्नेछ ।

४. **तालिमको लागि आवेदन दिने:** (१) पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम तालिम प्राप्त व्यक्ति नभएको अवस्थामा नियमावलीको अनुसूची -६ बमोजिमको निवेदनका अतिरिक्त उक्त तालिमका लागि निर्धारित योग्यता भएको व्यक्तिको थप विवरण सहित केन्द्र समक्ष अनुसूची -५ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(२) नियमावलीको नियम ११ को उपनियम (३) बमोजिम जारी भएको इजाजतपत्र प्राप्त गरी तोकिएको कार्य गरिरहेका व्यक्ति, संस्था वा निकायमा नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम तालिम प्राप्त व्यक्ति रिक्त भएको वा हुने अवस्था भएकोमा त्यस्तो व्यक्ति, संस्था वा निकायले समेत उक्त तालिमका लागि निर्धारित योग्यता भएको व्यक्तिको विवरण सहित केन्द्र समक्ष अनुसूची -५ को ढाँचामा आवेदन दिनु पर्नेछ ।

(३) नियमावलीको नियम १३ बमोजिम इजाजतपत्रको नवीकरणको लागि सोही नियमको उपनियम (१) को खण्ड (ङ) बमोजिमको पुनर्ताजगी तालिम प्राप्त गर्ने प्रयोजनको लागि सम्बन्धित व्यक्ति, संस्था वा निकायले इजाजतपत्रको अवधि सकिनु भन्दा एक बर्ष अगाडि नै नियमावलीको नियम १३ को उपनियम (१) बमोजिम तालिम लिएको व्यक्तिको विवरण सहित केन्द्र समक्ष अनुसूची -६ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ। यसरी पुनर्ताजगी तालिमको लागि आवेदन दिने व्यक्ति, संस्था वा निकायले नियमावली बमोजिमको प्रतिवेदन नियमितरुपमा पेश गरेको र प्रचलित कानूनबमोजिम नियमित कर चुक्ता गरेको हुनु पर्नेछ ।

५. <u>प्रशिक्षकको योग्यताः</u> (१) दफा ३ मा उल्लिखित तालिम प्रदान गर्ने प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी निरीक्षकको तालिम प्राप्त गरी जीवनाशक विषादी व्यवस्थापन सम्वन्धमा कार्य अनुभव भएको,

(ख) विषय विज्ञको हकमा अध्यापन, अनुसन्धानको क्षेत्रमा काम गरिरहेको,

(ग) नेपाल सरकारको निजामती सेवामा रही जीवनाशक विषादी व्यवस्थापन क्षेत्रमा कम्तीमा उपसचिव स्तरमा कार्यरत वा सो सम्बन्धी काम गरी सेवा निवृत्त तथा सो सम्बन्धी विज्ञता हासिल गरेको वा अध्यापन वा अनुसन्धानमा संलग्न भई कम्तीमा उप-प्राध्यापक वा वैज्ञानिक तहमा कार्य गरेको,

(घ) विशिष्ट कक्षा सञ्चालनका लागि उक्त विषयमा नेपाल सरकारका निकायमा कार्य गरेको वा सो विषयगत क्षेत्रमा दक्षता रहेको प्रमाण भएको ।

(२) उपदफा (१) बमोजिमका प्रशिक्षकको सम्बन्धमा केन्द्रले निर्णय गरी प्रशिक्षक सूची तयार गर्नेछ र आवश्यकतानुसार परिमार्जन गर्नेछ ।

६. <u>तालिममा सहभागी छनौट</u>ः (१) दफा ४ बमोजिम केन्द्रमा प्राप्त भएका आवेदन तथा संलग्न कागजातको आधारमा सहभागीको छनौट देहाय बमोजिम गरिनेछः-

(क) केन्द्रको विषादी व्यवस्थापन तथा पञ्जीकरण शाखाले केन्द्रमा प्राप्त निवेदन, पेश भएका कागजात तथा विवरणहरुको अध्ययन गरी कारोवारको परिमाण र भण्डारणको व्यवस्थापन अनुसार उम्मेदवार योग्य भएमा प्राथमिकताक्रम अनुसारको नामावली तयार गरी केन्द्र प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ,

(ख) केन्द्र प्रमुखले स्वीकृत गरेको प्राथमिकताक्रम अनुसारको नामावलीको आधारमा तोकिएको तालिम सञ्चालनका लागि आवश्यक संख्या पुगेमा प्राथमिकता अनुसार



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

क्रमिक रुपमा तालिम सञ्चालनको लागि आवेदन गरेका सम्बन्धित निवेदकलाई जानकारी गराई तालिममा सहभागी गराइनेछ,

(ग) बालबालिका, ज्येष्ठ नागरिक, दीर्घ रोग लागेका व्यक्तिलाई तालिममा समावेश गराइने छैन,

(घ) अपाङ्गता भएका व्यक्ति तालिममा सहभागी हुन चाहेमा जीवनाशक विषादीवाट स्वास्थ्यमा पर्न सक्ने असरको सम्बन्धमा जानकार रहेको र सो सम्बन्धी कार्य गर्न सक्षम रहेको स्वःघोषणा पेश गर्नु पर्नेछ।

७. **<u>तालिम तथा परीक्षा सञ्चालनको प्राविधिक र आर्थिक पक्षः</u>** (१) तालिम तथा परीक्षा संचालनसम्बन्धी प्राविधिक पक्ष देहाय बमोजिम हुनेछः-

(क) तालिम तथा परीक्षा सञ्चालनको विभिन्न चरणमा आवश्यक तयारी एवम् सहजीकरण गर्न केन्द्र प्रमुखको संयोजकत्वमा केन्द्रको वरिष्ठ बाली संरक्षण अधिकृत र बाली संरक्षण अधिकृत रहेको तालिम तथा परीक्षा तयारी तथा सञ्चालन समिति गठन हुनेछ ।

(ख) तालिमको व्यवस्थापनका लागि केन्द्र प्रमुखले कम्तीमा अधिकृतस्तरको कर्मचारीलाई तालिमको संयोजक तोक्नेछ ।

(ग) तालिम तथा परीक्षा सम्बन्धी कार्यका लागि केन्द्र प्रमुखले मन्त्रालय अन्तर्गतका अन्य निकायका कर्मचारीको सहयोग लिन सक्नेछ ।

(घ) तालिम संचालन पूर्व तालिम संयोजकले तालिम पाठ्यक्रम अनुसार प्रशिक्षक र आवेदकको नामावली केन्द्र प्रमुखबाट स्वीकृत गरी तालिम संचालन गर्नु पर्नेछ। र, तालिमको एक सत्रमा बढीमा तीस जना आवेदकलाई सहभागी गराउन सकिनेछ ।

(ङ) तालिममा सहभागीले तालिम संयोजकलाई लिखित जानकारी नदिई कुनै कक्षामा अनुपस्थिति हुन पाउने छैन ।

(च) तालिमको लागि तोकिएको तालिकाको दुई भन्दा बढि सत्रमा अनुपस्थित हुने सहभागीलाई परीक्षामा समावेश गराइने छैन ।

तर, कक्षामा अनुपस्थित हुनाको कुनै विशेष कारण भएमा सोको प्रमाण पेश गरेमा र उक्त कुरा केन्द्रलाई चित्त वुझेमा निजलाई अर्को तालिमको सोही सत्रको कक्षामा सहभागी गराउन सकिनेछ र यस पश्चात मात्र निजलाई परीक्षामा सहभागी गराइनेछ ।

(छ) परीक्षाको प्रश्नपत्र तयारीका लागि आवश्यक विज्ञको रोष्टर केन्द्रले स्वीकृत गर्नेछ। यसरी स्वीकृत विज्ञको नामलाई गोप्यरुपमा कोडिङ्ग गरिनेछ र निजले



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

तयार/परिमार्जन गरेको प्रश्नपत्रलाई खाममा सिलबन्दी गरी तयार/परिमार्जन कर्ताको नाममा सम्बन्धित विज्ञको कोडमात्र अंकित गरिनेछ ।

(ज) विज्ञको कार्यसम्पादनको आधारमा केन्द्रले खण्ड (छ) बमोजिम तयार भएको रोष्टर संशोधन गर्न सक्नेछ ।

(झ) परीक्षाको प्रश्नपत्रको पूर्णाङ्क एक सय हुनेछ । साथै, उक्त प्रश्नपत्रमा प्रत्येकको दुइ अङ्कभार रहेको पचास वटा बहु-वैकल्पिक प्रश्न (Multiple Choice Questions) सोधिने छ । सामान्यतया पाठ्यक्रमका सबै विषयवस्तु समेटिने गरी प्रश्नपत्र तयार गरिनेछ ।

(ञ) परीक्षाको लागि स्वीकृत रोष्टरमा रहेका विज्ञहरुबाट कच्चा प्रश्नपत्र निर्माण गरिनेछ।

(ट) केन्द्रले स्वीकृत रोष्टरमा रहेको एवम् कच्चा प्रश्नपत्र निर्माणमा संलग्न नरहेको विज्ञलाई खण्ड (ञ) बमोजिम प्राप्त भएको कम्तीमा तीनवटा कच्चा प्रश्नपत्रमा आवश्यक परिमार्जन गर्न लगाइ दुई वटा अन्तिम प्रश्नपत्र निर्माण गर्नेछ । यसरी प्रयोग नभएको कच्चा प्रश्नपत्र अर्को पटकको अन्तिम प्रश्नपत्र निर्माणमा प्रयोग गर्न सकिनेछ ।

(ठ) केन्द्र प्रमुखले कम्तीमा अधिकृतस्तरको कुनै कर्मचारीलाई खण्ड (ट) बमोजिम प्राप्त एक प्रश्नपत्रबाट उत्तर (Answer Sheet) सहितका A,B,C,D नामका चार सेट प्रश्नपत्र कम्प्युटर टाइपिङ्ग गर्न र सोको रुजु गर्न लगाउनेछ । यसरी तयार भएको प्रश्नपत्र केन्द्र प्रमुखले खाममा सिलबन्दी गरी सुरक्षित तवरले भण्डार गर्न लगाउनेछ ।

(ड) खण्ड (ठ) बमोजिम तयार प्रश्नपत्र तयार गर्दा परीक्षार्थीले प्रश्नपत्रमा नै सही उत्तरलाई o चिन्ह अंकित (जस्तै (क)) गर्ने गरी उत्तरपुस्तिकाको रुपमा प्रयोग गर्न सकिने व्यवस्था मिलाइनेछ । यसो गर्दा उत्तरपुस्तिकाको अघिल्लो पेजको ठाडो आधाभागको दायाँ तर्फ मात्र परीक्षार्थीको पूरा विवरण लेखिने र दायाँ र बाँया तर्फ परीक्षार्थीलाई दिइएको प्रश्नपत्र सेट कोड A,B,C,D मध्ये कुनै एक मात्र जनाउने व्यवस्था मिलाइनेछ ।

(ढ) परीक्षा शुरुहुनु भन्दा ३० मिनट अगाडी मात्र खण्ड (ड) बमोजिम तयार भएको प्रश्नपत्रहरुबाट केन्द्र प्रमुखले तोकेको कुनै एक प्रश्नपत्रको सेट खोलिनेछ । परीक्षाको समय एक घण्टा पन्ध्र मिनटको हुनेछ । परीक्षार्थीले उत्तरपुस्तिकाको अघिल्लो पेजको ठाडो आधाभागको बाँया तर्फ प्रश्नपत्रको सेट कोड बाहेक अन्य कुनै सङ्केत गर्न एवम् अन्य पृष्ठमा सही ठानेको उत्तरलाई o चिन्ह अङ्कित गर्ने बाहेक कुनै किसिमको लेखन गर्न वा चिन्ह अङ्कित गर्न पाउने छैन । एकपटक एउटा उत्तरलाई o चिन्ह अङ्कित गरेपश्चात केरमेट गरी अर्को उत्तरलाई o चिन्ह



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अङ्कित गरेमा वा एकभन्दा बढी उत्तरलाई o चिन्ह अङ्कित गरेमा अङ्क प्रदान गरिने छैन ।

(ण) परीक्षाको सकिएपछि उत्तरपुस्तिकाको अघिल्लो पेजको ठाडो आधाभागको दायाँ र बायाँ परीक्षार्थीको सङ्केत नम्बर उल्लेख गरी अघिल्लो पेजको ठाडो आधाभागको दायाँ तर्फ परीक्षार्थीको पूरा विवरण लेखिएको भागको अर्धकट्टी निकाली गोप्य तवरले अलग्गै राखिनेछ र रोष्टरमा रहेका र प्रश्नपत्र तयारीमा संलग्न नरहेका विज्ञलाई उत्तरपुस्तिका परीक्षणको लागि प्रश्नपत्र सेट कोड A,B,C,D अनुसारको उत्तर (Answer Sheet) सहित उपलब्ध गराइनेछ ।

(त) उत्तर पुस्तिका परीक्षण पश्चात परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्क सङ्केत नम्बर अनुसार तालिकीकरण गरिनेछ र सङ्केत नम्बर अनुसार डिकोडिङ्ग गरी तयार भएको परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको सूची केन्द्र प्रमुखबाट प्रमाणित गराइ केन्द्रको वेवसाइटमार्फत नतीजा प्रकाशन गरिनेछ ।

(थ) परीक्षार्थीले परीक्षाको नतीजा उपर चित्त नबुझेमा नतीजा प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र केन्द्र प्रमुख समक्ष पुनर्योगको आवदेन दिन सक्नेछ र सो उपर सात दिन भित्र केन्द्रप्रमुखले छानविन गरी दिएको निर्णय अन्तिम हुनेछ ।

(द) उत्तरपुस्तिका प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक सार्वजनिक गरिने छैन। केन्द्रले परीक्षा संचालनको प्रत्येक चरणमा उच्च गोपनीयता अपनाउनेछ।

(ध) एक आर्थिक बर्षमा दुई पटक सम्म सञ्चालन भएको परीक्षामा अनुत्तीर्ण हुने सहभागीलाई सोही आर्थिक बर्षमा सञ्चालन हुने तालिममा सहभागी गराइने छैन।

(२) तालिम तथा परीक्षा संचालनसम्बन्धी आर्थिक पक्ष देहाय बमोजिम हुनेछः-

(क) तालिम तथा परीक्षा सञ्चालनको खर्च केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम बमोजिमको सीमामा रहने गरी व्यवस्थापन हुनेछ । अन्य सङ्घीय वा प्रादेशिक तहका निकायको आर्थिक सहयोग प्राप्त भएको अवस्थामा केन्द्रको संयोजकत्वमा यस कार्यविधिको परिधिमा रहेर तालिम तथा परीक्षा सञ्चालन गर्न सकिनेछ।

(ख) तालिमका प्रशिक्षकलाई अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका, २०७७ मा नेपाल सरकार अन्तर्गतका तालिम केन्द्र/प्रतिष्ठानहरुद्धारा सञ्चालन गरिने अधिकृतस्तर तालिमको लागि व्यवस्था भएबमोजिमको पारिश्रमिक उपलब्ध गराइनेछ।

(ग) कच्चा प्रश्नपत्र तयार कर्ता, परिमार्जनकर्ता र परीक्षणकर्ता विज्ञलाई लोकसेवा आयोगको स्वीकृत नर्मस् अनुसार पारिश्रमिक दिइनेछ ।

(घ) तालिम संयोजक, स्टेसनरी खर्च, खाजा खर्च लगायत तालिमका अन्य खर्चहरु अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार हुनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ङ) तालिममा भ्रमण भत्ता एवम् भ्रमण खर्च एवम् वैठक भत्ता सम्वन्धी व्यवस्था प्रचलित नियमानुसार हुनेछ ।

(च) दफा ६ बमोजिमका तालिमका सहभागीलाई केन्द्रबाट तालिम भत्ता एवम् भ्रमण खर्च उपलब्ध हुने छैन ।

## परिच्छेद -३

## विविध

८. **अनुगमन तथा मुल्याङ्कनः** तालिम तथा परीक्षा कार्यक्रमको अनुगमन मन्त्रालय, जीवनाशक विषादी व्यवस्थापन समिति र केन्द्रबाट हुन सक्नेछ ।

९. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** केन्द्रले वेबसाइटमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकारः** (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

अनुसूची -१

(दफा ३ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित )

**पञ्जीकृत तथा पुनःपञ्जीकृत जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्रका लागि सञ्चालन गरिने तालिमको पाठ्यक्रम तथा अवधि सम्बन्धी विवरण**

तालिमको नामः जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्रका लागि सञ्चालन गरिने तालिम

तालिमको अवधिः सात कार्य दिन

तालिमको उद्देश्यः

- जीवनाशक विषादी व्यवस्थापन ऐन तथा नियमावलीले तोकेको प्रक्रिया पूरा गरी जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्र लिई सम्बन्धित कार्य सञ्चालन तथा जीवनाशक विषादीको व्यवस्थापन गर्न सक्षम बनाउने ।
- जीवनाशक विषादी व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गर्दै मानव स्वास्थ्य तथा वातावरण संरक्षणको लागि थप उत्तरदायी र जिम्मेवार बनाउने ।

प्रति दिन कक्षा सञ्चालन सख्याः तीन

कक्षा अवधिः एक घण्टा तीस मिनेट

| **क. स.** | **विषयवस्तु/शीर्षक** | **उप-शीर्षक** | **सिकाई प्रक्रिया** | **कक्षा** | |
|---|---|---|---|---|---|
| | | | | **सैद्धान्तिक** | **प्रयोगात्मक** |
| ० | नाम दर्ता, कार्यक्रम बारेमा जानकारी, उद्घाटन, समूह विभाजन, अपेक्षा संकलन | तालिम संयोजकले नाम दर्ता गर्ने, कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रक्रिया तालिमका नियमहरु बारेमा जानकारी गराउने, अपेक्षा संकलन तथा प्रयोगात्मकका लागि समूह विभाजन र जिम्मेवारी तोक्ने । | | | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

| क्र. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ | जीवनाशक विषादी व्यवस्थापन ऐनका<br>➢ मुख्य प्रावधानहरु,<br>➢ उत्पादन, संश्लेषण, निकासी, पैठारी प्याकिङ्ग वा पुनः प्याकिङ्गका लागि ऐनमा गरिएका व्यवस्थाहरु<br>➢ पञ्जीकरण, इजाजतपत्रका व्यवस्थाहरु | प्रवचन तथा छलफल | १ | |
| २ | जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ | जीवनाशक विषादी व्यवस्थापन नियमावलीका<br>➢ मुख्य प्रावधानहरु<br>➢ उत्पादन, संश्लेषण, निकासी, पैठारी प्याकिङ्ग वा पुनः प्याकिङ्गका लागि नियमावलीमा गरिएका व्यवस्थाहरु ।<br>➢ पञ्जीकरण, इजाजतपत्रका व्यवस्थाहरु । | प्रवचन तथा छलफल | १ | |
| ३ | निर्देशिका, कार्यविधि तथा मापदण्डहरु | पञ्जीकरण, सूचकपत्र, भण्डारण, विसर्जन सहितका मापदण्ड तथा विषादी व्यवस्थापनका सम्बन्धमा जारी गरेका मापदण्ड, कार्यविधि तथा निर्देशिका । | प्रवचन तथा छलफल | १ | |
| ४ | नेपाल पक्षराष्ट्र भएका महासन्धी तथा जीवनाशक विषादी उत्पादन, | ➢ संक्षिप्त परिचय र औचित्य (वि. आर. एस. महासन्धी (BRS Convention), Pesticide code of Conduct ) | प्रवचन तथा छलफल | १ | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

| क. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कार्यमा यसको महत्व र व्यवस्थाहरु | ➢ यी महासन्धी तथा Pesticide code of Conduct मा जीवनाशक विषादी उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कार्यमा गरेका महत्वपूर्ण व्यवस्थाहरु<br>➢ यी व्यवस्थाको महत्व तथा विषादी व्यवस्थापनमा भूमिका। | | | |
| ५ | जीवनाशक विषादीको प्रकार तथा संकेतको विषय | जीवनाशक विषादीको प्रकार<br>• लक्षित जीवका आधारमा,<br>• रासायनिक समूहका आधारमा,<br>• कार्य प्रकृतिका आधारमा,<br>• विश्व स्वास्थ्य संगठनको विषालुपनाका आधारमा, संकेत र यसको महत्व<br>• संश्लेषणका आधारमा र अन्य | प्रवचन तथा छलफल र नमूना देखाइ प्रयोगात्मक | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| क. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ६ | जीवनाशक विषादी उत्पादक, संश्लेषणकर्ता, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कर्ताको जीवनाशक विषादी व्यवस्थापनमा जिम्मेवारी र भूमिका साथै सरोकार निकाय संग समन्वय | ➢ जीवनाशक विषादीका सरोकार निकाय<br>➢ सरोकार निकायको काम, कर्तव्य, साथै विषादी व्यवस्थापनमा जिम्मेवारी<br>➢ जीवनाशक विषादी उत्पादक, संश्लेषणकर्ता, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कर्ताको जीवनाशक विषादी व्यवस्थापनमा जिम्मेवारी<br>➢ सरोकारवाला निकायसँग समन्वय | प्रवचन तथा छलफल | १ | |
| ७ | पञ्जीकृत जीवनाशक विषादी र प्रतिबन्धित विषादी | नेपालमा पञ्जीकृत (जनस्वास्थ्य, पशु स्वास्थ्य र बालीनालीमा प्रयोग हुने)<br>• कीटनाशक,<br>• झारपातनाशक,<br>• ढुसीनाशक,<br>• ब्याक्टेरियानाशक,<br>• सुलसुलेनाशक,<br>• जुकानाशक लगायतका पञ्जीकृत विषादी<br>❖ प्रतिबन्धित विषादीको विवरण<br>❖ प्रतिबन्ध गर्नुका कारणहरु र विषादी प्रतिबन्ध गर्ने प्रक्रिया | प्रवचन तथा छलफल | १ | |
| ८ | जीवनाशक विषादीको पञ्जीकरण | ➢ नयाँ टेक्निकल नामका जीवनाशक विषादी पञ्जीकरणको प्रक्रिया, | प्रवचन तथा छलफल र नेपाल | १ | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

| क. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | ➢ घरेलु तथा स्वदेशी मातृ स्रोतमा आधारित वनस्पतिजन्य र जैविक विषादीको पञ्जीकण<br>➢ पैठारीका लागि जीवनाशक विषादीको पञ्जीकरण<br>➢ पञ्जीकरणका लागि आवश्यक विवरण र कागजात, दस्तुर<br>➢ नेपाल राष्ट्रिय एकद्धार प्रणाली वारे जानकारी । | राष्ट्रिय एकद्धार प्रणाली सम्बन्धी प्रयोगात्मक अभ्यास | | |
| ९ | जीवनाशक विषादीको संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग | ➢ संश्लेषणको परिभाषा,<br>➢ संश्लेषणका प्रकार,<br>➢ संश्लेषणका आधारमा प्रयोग विधि,<br>➢ यसको महत्व तथा गुण, अवगुण ।<br>➢ संश्लेषण तथा प्याकिङ्ग वा पुनः प्याकिङ्गका उद्योगका लागि आवश्यक पूर्वाधार र जनशक्ति<br>➢ जीवनाशक विषादीको गुणस्तर | प्रवचन तथा छलफल र नमूनामा आधारित प्रयोगात्मक | १ | |
| १० | जीवनाशक विषादीको सूचकपत्र | ➢ सूचकपत्रको परिभाषा र महत्व,<br>➢ सूचकपत्रका कानूनी प्रावधान ( सामान्य नाम, व्यापारीक नाम, सक्रिय अंश, संश्लेषण, प्रयोग, सुरक्षात्मक उपायहरु संकेत तथा शब्दहरु , | प्रवचन तथा छलफल र नेपाली पर्चाको प्रयोगात्मक | १ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | ➢ नेपाली पर्चाको तयारी अभ्यास । | | | |
| ११ | विष लागेको लक्षण र त्यसको प्राथमिक उपचार | ➢ जीवनाशक विषादीको मानवमा प्रवेश माध्यमहरु,<br>➢ विष लागेको लक्षण,<br>➢ प्राथमिक उपचार<br>➢ विषादीवाट हुने आत्महत्या र यसको न्यूनिकरण | प्रवचन तथा छलफल | १ | |
| १२ | उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग ,भण्डारण र बिक्री वितरण गर्दा अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपाय | ➢ सुरक्षाका मापदण्ड,<br>➢ सुरक्षात्मक सामाग्रीको प्रयोग<br>➢ उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्, भण्डारण र बिक्री वितरण गर्दा हुन सक्ने सम्भावित दुर्घटना र सोको व्यवस्थापन<br>➢ प्राथमिक उपचारका सामाग्रीहरु र उद्धारका सामाग्रीहरु | प्रवचन तथा छलफल | १ | |
| १३ | म्याद नाघेका, प्रतिबन्धित र प्रयोग गर्न अयोग्य जीवनाशक विषादीको व्यवस्थापन गर्ने | ➢ जीवनाशक विषादीको म्याद नाघ्नुका कारणहरु,<br>➢ म्याद नाघ्न नदिन अवलम्वन गर्नु पर्ने उपायहरु, | प्रवचन तथा छलफल | १ | |

| क. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | तरिका र ध्यान दिनु पर्ने विषय | ➢ म्याद नाघेका, प्रतिबन्धित र प्रयोग गर्न अयोग्य जीवनाशक विषादीको व्यवस्थापन गर्ने तरिका तथा मापदण्ड,<br>➢ जीवनाशक विषादीको विसर्जन | | | |
| १४ | घरेलु विषादी, वनस्पतिजन्य र जैविक विषादीको प्रयोगको महत्व तथा प्रोत्साहन | ➢ जैविक तथा वनस्पतिजन्य विषादी,<br>➢ प्रयोग तथा महत्व,<br>➢ भण्डारण, ओसारपसार तथा प्रयोगमा ध्यान पुऱ्याउने विषयहरु,<br>➢ रोग कीरा व्यवस्थापनमा अन्य वैकल्पिक उपायहरु । | प्रवचन तथा छलफल | १ | |
| १५ | जीवनाशक विषादी दुरुपयोग तथा दुरुपयोग व्यवस्थापन, पर्खनु पर्ने न्यूनतम समय अवधि | ➢ जीवनाशक विषादीका दुरुपयोगका कारणहरु,<br>➢ यसले सृजित असर तथा रोकथामका उपायहरु<br>➢ जीवनाशक विषादीको प्रयोग पछि पर्खनु पर्ने समय र यसको महत्व<br>➢ स्वीकार्य दैनिक मात्रा, अधिकतम अवशेषको सिमा लगायतका विषयहरु । | प्रवचन तथा छलफल | १ | |
| १६ | आयात, उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको | ➢ जीवनाशक विषादी र यसको टेक्निकल आयात, उत्पादन, संश्लेषण, प्याकिङ्ग वा | प्रवचन तथा छलफल | १ | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

| क्र. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | अभिलेख साथै व्यवसाय दर्ता र व्यवस्थापन | पुनः प्याकिङ्ग, निकासी, पैठारीको कारोबार अभिलेख गर्ने फाराम,<br>➢ अभिलेख राख्ने विषयहरु तथा सम्बन्धित पक्षमा बुझाउने दायित्व ।<br>➢ व्यवसाय दर्ताका कानूनी प्रावधान र व्यवस्थापन | | | |
| १७ | जीवनाशक विषादीको मानव स्वास्थ्य र वातावरणमा पार्ने असरहरु | ➢ जीवनाशक विषादीले वातावरणमा पार्ने असर<br>➢ Bio accumulation,<br>➢ Bio magnification,<br>➢ खाद्य शृङ्खलामा पार्ने असर<br>➢ अलक्षित जीव तथा माटो, हावा, पानीमा पार्ने असर ।<br>➢ असर न्यूनीकरणका लागि अपनाउनु पर्ने सावधानी | प्रवचन तथा छलफल | १ | |
| १८ | नेपालमा देखिएका नयाँ रोग र कीराको पहिचान र व्यवस्थापन | ➢ नयाँ रोग कीराको प्रवेश,<br>➢ रोग कीराको पहिचान र व्यवस्थापनका उपायहरु<br>➢ नयाँ जीवनाशक विषादीको पञ्जीकरण।<br>➢ तत्काल वा महामारीको रुपमा फैलन सक्ने रोग कीराको व्यवस्थापन (जस्तैः सलह, फड्के, फौजी कीरा, आदि) | प्रवचन तथा छलफल | १ | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव

| क. स. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १९ | परीक्षा तथा कार्यक्रमको समापन | | | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -२
(दफा ३ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित )

## पञ्जीकृत तथा पुनःपञ्जीकृत जीवनाशक विषादीको ओसारपसारको इजाजतपत्रका लागि सञ्चालन गरिने तालिमको पाठ्यक्रम तथा अवधि सम्बन्धी विवरण

तालिमको नामः जीवनाशक विषादीको ओसारपसारको इजाजतपत्रका लागि सञ्चालन गरिने तालिम
तालिमको अवधिः चार कार्य दिन
तालिमको उद्देश्यः

- उत्पादक, संश्लेषण, पैठारी, निकासी व्यवसायीहरुबाट थोक तथा खुद्रा विक्रेतासम्म वा एक उत्पादक वा संश्लेषणकर्ता वा पैठारीकर्ता वा निकासीकर्ताबाट अर्को उत्पादक वा संश्लेषणकर्ता वा पैठारीकर्ता वा निकासीकर्तासम्म जीवनाशक विषादी ओसारपसार गर्ने कार्य कानून बमोजिम सहज तथा सुरक्षित तवरले गर्न सक्षम बनाउने ।
- जीवनाशक विषादी व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गर्दै मानव स्वास्थ्य तथा वातावरण संरक्षणको लागि थप उत्तरदायी र जिम्मेवार बनाउने ।

प्रति दिन कक्षा सञ्चालन सख्याः तीन
कक्षा अवधिः एक घण्टा तीस मिनेट

| क.सं. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ० | नाम दर्ता, कार्यक्रम बारेमा जानकारी, उद्घाटन, समूह विभाजन, अपेक्षा संकलन | तालिम संयोजकले नाम दर्ता गर्ने, कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रक्रिया तालिमका नियमहरु बारेमा जानकारी गराउने, अपेक्षा संकलन तथा प्रयोगात्मकका लागि समूह विभाजन र जिम्मेवारी तोक्ने । | | | |
| १ | जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८१ | जीवनाशक विषादी व्यवस्थापन ऐन तथा नियमावलीमा<br>➢ विषादी ओसारपसारका मुख्य प्रावधानहरु | प्रवचन तथा छलफल | १ | |



सचिव
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| क्र.सं. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | ➢ ऐन र नियमावलीमा भएका मुख्य व्यवस्थाहरु । | | | |
| २ | ओसारपसारका मापदण्ड, सर्त तथा आचार संहिताहरु, | ➢ जीवनाशक विषादी ओसारपसारका मापदण्ड,<br>➢ पालना गर्नुपर्ने सर्तहरु तथा आचार संहिताहरु,<br>➢ सुरक्षित परिवहनका आधारहरु र यसको पालना । | प्रवचन तथा छलफल | १ | |
| ३ | जीवनाशक विषादी र यसको वर्गिकरण, सूचक पत्र, संकेत र ओसारपसारमा यसको महत्व | परिभाषा र विषादीको वर्गिकरण,<br>• लक्षित जीवका आधारमा,<br>• रासायनिक समूहका आधारमा,<br>• कार्य प्रकृतिका आधारमा,<br>• विश्व स्वास्थ्य संगठनको विषालुपनाका आधारमा,<br>• संश्लेषणका आधारमा र अन्य<br>• सूचक पत्र र संकेतहरु ओसारपसारमा यसको महत्व । | प्रवचन तथा छलफल र नमूना देखाइ प्रयोगात्मक | १ | |
| ४ | वनस्पतिजन्य र जैविक विषादीको ओसारपसारमा ध्यान पुऱ्याउनु पर्ने विषयहरु | ➢ वनस्पतिजन्य र जैविक विषादीको परिभाषा, विशेषता, | प्रवचन तथा छलफल | १ | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

| क्र.सं. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | ➢ भण्डारण तथा ओसारपसारमा पुऱ्याउनु पर्ने सावधानी<br>➢ ओसारपसारमा पुऱ्याउनु पर्ने न्यूनतम मापदण्ड | | | |
| ५ | सुरक्षात्मक उपायहरु र यसको अवलम्बन | ➢ जीवनाशक विषादी ओसारपसार का लागि आवश्यक सुरक्षात्मक सामाग्रीहरु,<br>➢ सामाग्रीको प्रयोग तथा अन्य सुरक्षात्मक सूचना तथा पालना गर्नुपर्ने सुरक्षात्मक उपायहरु ।<br>➢ प्राथमिक उपचारका सामग्रीहरु, | प्रवचन तथा छलफल | १ | |
| ६ | जीवनाशक विषादी ओसारपसारमा चुहिएको तथा पोखिएको विषादी व्यवस्थापन | ➢ जीवनाशक विषादी ओसारपसारमा हुनुपर्ने सावधानी<br>➢ ओसारपसारका क्रममा हुने संभावित दुर्घटना<br>➢ चुहिएको वा पोखिएको जीवनाशक विषादी व्यवस्थापन । | प्रवचन तथा छलफल | १ | |
| ७ | विष लागेको लक्षण र प्राथमिक उपचार | ➢ जीवनाशक विषादी प्रवेश माध्यम,<br>➢ मानव स्वास्थ्यमा विष लागेको लक्षण<br>➢ प्राथमिक उपचार । | प्रवचन तथा छलफल | १ | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

| क.सं. | विषयवस्तु/शीर्षक | उप-शीर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ८ | जीवनाशक विषादी ओसारपसारको अभिलेखिकरण तथा सरोकार निकाय संग समन्वय | ➢ जीवनाशक विषादी ओसारपसारका लागि आवश्यक अभिलेखिकरण,<br>➢ Material safety data sheet,<br>➢ ओसारपसारमा सरोकार निकाय संग समन्वय तथा भूमिका । | प्रवचन तथा छलफल | १ | |
| ९ | जीवनाशक विषादी ओसारपसारमा हुने दुर्घटनाले मानव स्वास्थ्य र वातावरणमा पार्ने असर | ➢ जीवनाशक विषादी र वातावरण,<br>➢ Bio accumulation,<br>➢ Bio magnification,<br>➢ Effects on food chain,<br>➢ जीवनाशक विषादीले अलक्षित जीवमा पार्न सक्ने प्रभाव र बच्ने उपायहरु | प्रवचन तथा छलफल | १ | |
| १० | परीक्षा तथा कार्यक्रमको समापन | | | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची -३(क)

(दफा ३ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित )

जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्रका लागि सञ्चालन गरिने पुनर्ताजगी तालिमको पाठ्यक्रम तथा अवधि सम्बन्धी विवरण

**तालिमको नामः** जीवनाशक विषादीको उत्पादन, संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग उद्योग सञ्चालन इजाजतपत्र प्राप्त उद्योगी तथा व्यवसायीको पुनर्ताजगी तालिम

**तालिमको अवधिः** तीन कार्य दिन

**तालिमको उद्देश्यः**

- जीवनाशक विषादीको सुरक्षित व्यवस्थापन एवम् नियमनका विषयवस्तुहरु र यसमा आएका नयाँ परिवर्तनहरुका सम्बन्धमा जीवनाशक विषादीको उत्पादन, संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्र लिई उद्योग सञ्चालन गरेका उद्योगी तथा व्यवसायीहरुलाई पुनर्ताजगी गराउँदै निरन्तररुपमा जीवनाशक विषादीको सुरक्षित व्यवस्थापन गर्न सक्षम बनाउने।
- जीवनाशक विषादी व्यवस्थापनको क्षेत्रमा थप क्षमता विकास गर्दै मानव स्वास्थ्य तथा वातावरण संरक्षणको लागि निरन्तर उत्तरदायी र जिम्मेवार बनाउने ।

**प्रति दिन कक्षा सञ्चालन सख्याः** तीन

**कक्षा अवधिः** एक घण्टा तीस मिनेट

| क्र. स. | विषयवस्तु/शिर्षक | उप-शिर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ० | नाम दर्ता, कार्यक्रम बारेमा जानकारी, उद्घाटन, समूह विभाजन, अपेक्षा संकलन र प्री टेस्ट | तालिम संयोजकले नाम दर्ता गर्ने, कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रक्रिया तालिमका नियमहरु बारेमा जानकारी गराउने, अपेक्षा संकलन तथा प्रयोगात्मकका लागि समूह विभाजन र जिम्मेवारी तोक्ने । प्री टेस्ट लिने । | | | |
| १ | जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ जीवनाशक विषादी व्यवस्थापन नियमावली | जीवनाशक विषादी उत्पादन, संश्लेषण, निकासी, पैठारी प्याकिङ्ग वा पुनः प्याकिङ्गका लागि भएका मुख्य प्रावधान र विशेषता । | प्रवचन तथा छलफल | १ | |

२१

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | २०८१ र यसका मापदण्ड तथा कार्यविधि | ➢जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६<br>➢जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१<br>➢पञ्जीकरण, सूचकपत्र, विषादी भण्डारण, विसर्जन लगायतका कार्यविधि तथा मापदण्डमा भएका व्यवस्थाहरु | | | |
| २ | नेपालमा पञ्जीकृत तथा नयाँ टेक्निकलका विषादीको पञ्जीकरणका लागि आवश्यक प्रक्रिया र प्रतिबन्धित विषादीको सूची | ➢पञ्जीकृत विषादीको सूची,<br>➢नयाँ टेक्निकल विषादीको पञ्जीकरण गर्दा आवश्यक प्रक्रिया<br>➢प्रतिबन्धित विषादीको सूची<br>➢प्रतिबन्ध गर्नुका कारणहरु । | प्रवचन तथा छलफल | १ | |
| ३ | जीवनाशक विषादीको संश्लेषण, विश्व स्वास्थ्य संगठनको आधारमा वर्गिकरण र जीवनाशक विषादीको सूचकपत्र, संकेत, नेपाली पर्चा | ➢संश्लेषणको परिभाषा,<br>➢संश्लेषणका प्रकार,<br>➢संश्लेषणका आधारमा प्रयोग विधि,<br>➢संश्लेषणको महत्व<br>➢संश्लेषणको गुण अवगुण<br>➢सूचकपत्र मुख्य प्रावधान<br>➢नेपाली पर्चा र संकेत<br>➢सूचकपत्रमा परेका समस्या र समाधानका उपायहरु । | प्रवचन तथा छलफल र नमूनामा आधारित प्रयोगात्मक | १ | |
| ४ | म्याद नाघेका, प्रतिबन्धित र प्रयोग गर्न अयोग्य जीवनाशक विषादीको व्यवस्थापन गर्ने तरिका र ध्यान दिनु पर्ने विषय | ➢म्याद नाघेका, प्रतिबन्धित र प्रयोग गर्न अयोग्य जीवनाशक विषादीको व्यवस्थापन गर्ने तरिका तथा मापदण्ड,<br>➢जीवनाशक विषादीको म्याद समाप्तिका कारणहरु, | प्रवचन तथा छलफल | १ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | | ➢ म्याद समाप्त हुन नदिन अवलम्वन गर्नु पर्ने उपायहरु,<br>➢ विषादीको अभिलेखिकरण तथा व्यवस्थापन । | | | |
| ५ | जीवनाशक विषादीका विकल्पहरू, घरेलु विषादी, वनस्पतिजन्य र जैविक विषादीको प्रयोगको महत्व तथा प्रोत्साहनका विषय | ➢ जैविक तथा वानस्पतिजन्य विषादी,<br>➢ प्रयोग तथा महत्व,<br>➢ भण्डारण तथा प्रयोगमा ध्यान पुऱ्याउने विषयहरु,<br>➢ अन्य वैकल्पिक उपायहरु ।<br>➢ जैविक तथा वानस्पतिजन्य विषादी को प्रयोग प्रवर्दन | प्रवचन तथा छलफल | १ | |
| ६ | जीवनाशक विषादीको कारोबार सम्बन्धी अभिलेख राख्ने तरिका | ➢ जीवनाशक विषादीको टेक्निकल आयात, उत्पादन, संश्लेषणको कारोवार अभिलेख गर्ने फाराम,<br>➢ अभिलेख राख्ने विषयहरु तथा सम्बन्धित पक्षमा वुझाउने दायित्व ।<br>➢ यसको महत्व तथा गोपनियता | प्रवचन तथा छलफल | १ | |
| ७ | जीवनाशक विषादी उत्पादक, संश्लेषणकर्ता, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कर्ताको सरोकार निकाय संग समन्वय तथा जीवनाशक विषादी व्यवस्थापनमा भूमिका | ➢ जीवनाशक विषादी व्यवस्थापनमा सरोकार निकाय<br>➢ जीवनाशक विषादी उत्पादक, संश्लेषणकर्ता, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्ग कर्ताको सरोकार निकाय संग प्रभावकारी समन्वय, सहकार्य | प्रवचन तथा छलफल | १ | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | ➢जीवनाशक विषादी व्यवस्थापनमा सरोकार निकायको भूमिका । | | | |
| ८ | पुनर्ताजगी तालिममा सहभागीको प्रतिकृया तथा केन्द्रलाई पृष्ठपोषण साथै सरोकारिवालाको प्रतिकृया र समस्या समाधान | ➢जीवनाशक विषादी व्यवस्थापन ऐन नियमावली मापदण्ड कार्यविधि लगायत सरोकार निकायका लागि प्रतिकृया तथा पृष्ठपोषण । र समस्यामा आधारित कक्षा | प्रवचन तथा छलफल | १ | |
| ९ | पोष्ट टेष्ट तथा कार्यक्रम समापन | | | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

अनुसूची -३(ख)

(दफा ३ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित )

**जीवनाशक विषादीको ओसारपसारको इजाजतपत्रका लागि सञ्चालन गरिने पुनर्ताजगी तालिमको विषयवस्तु सहितको तालिम तालिका**

**तालिमको नामः** जीवनाशक विषादीको ओसारपसारको इजाजतपत्र प्राप्त गरी सो कार्य गरिरहेका व्यवसायीका लागि सञ्चालन गरिने पुनर्ताजगी तालिमको पाठ्यक्रम तथा अवधि सम्बन्धी विवरण

**तालिमको अवधिः** दुई कार्य दिन


**तालिमको उद्देश्यः**

- जीवनाशक विषादीको सुरक्षित व्यवस्थापन एवम् नियमनका विषयवस्तुहरु र यसमा आएका नयाँ परिवर्तनहरुका सम्बन्धमा जीवनाशक विषादी ओसारपसारमा संलग्न व्यवसायीहरुलाई पुनर्ताजगी गराउँदै निरन्तर रुपमा जीवनाशक विषादीको सुरक्षित ओसारपसार गर्न सक्षम बनाउने ।
- जीवनाशक विषादी व्यवस्थापनको क्षेत्रमा थप क्षमता विकास गर्दै मानव स्वास्थ्य तथा वातावरण संरक्षणको लागि निरन्तर उत्तरदायी र जिम्मेवार बनाउने ।

**प्रति दिन कक्षा सञ्चालन संख्याः** तीन

**कक्षा अवधिः** एक घण्टा तीस मिनेट

| क्र.स. | विषयबस्तु/शिर्षक | उप-शिर्षक | सिकाई प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ० | नाम दर्ता, कार्यक्रम बारेमा जानकारी, उदघाटन, समूह विभाजन, अपेक्षा संकलन तथा पूर्व परिक्षण | तालिम संयोजकले नाम दर्ता गर्ने, कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रक्रिया तालिमका नियमहरु बारेमा जानकारी गराउने, अपेक्षा संकलन तथा प्रयोगात्मकका लागि समूह विभाजन र जिम्मेवारी तोक्ने । | | | |
| १ | जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली २०८१ मा भएका विषादी ओसारपसार सम्बन्धी व्यवस्थाहरु | ➢ जीवनाशक विषादी व्यवस्थापन ऐनका मुख्य विशेषता एवम् विषादी ओसारपसार सम्बन्धमा भएका मुख्य प्रावधानहरु<br>➢ नियमावलीमा भएका विषादी ओसारपसार | प्रवचन तथा छलफल | १ | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्बन्धी मुख्य प्रावधानहरु ।<br>➢ विषादीओसारपसारका मापदण्ड, सर्त तथा आचार संहिताहरु | | | |
| २ | पञ्जीकृत तथा प्रतिबन्धित जीवनाशक विषादी र यसको वर्गिकरण साथै सूचक पत्र र विषादी ओसारपसारमा यसको महत्व | ➢ पञ्जीकृत जीवनाशक विषादीको सूची<br>➢ प्रतिवन्धित जीवनाशक विषादीको सूची,<br>➢ सूचकपत्र र विषादी ओसार पसारमा यसको महत्व | प्रवचन तथा छलफल र नमूना देखाइ प्रयोगात्मक | १ | |
| ३ | जीवनाशक विषादी ओसारपसारमा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरु र अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपायहरु र सुरक्षित परिवहनका आधारहरु र अन्तराष्ट्रिय अभ्यासहरु | ➢ जीवनाशक विषादी ओसारपसारका लागि आवश्यक सुरक्षात्मक सामग्रीहरु,<br>➢ सामग्रीको प्रयोग<br>➢ सुरक्षात्मक सूचना तथा पालना गर्नुपर्ने सुरक्षात्मक उपायहरु,<br>➢ नेपाल पक्ष राष्ट्र भएका महासन्धीमा भएका व्यवस्था,<br>➢ विषादी ओसारपसारमा अन्तराष्ट्रिय अभ्यासहरु । | प्रवचन तथा छलफल | १ | |
| ४ | जीवनाशक विषादी ओसारपसारमा चुहिएको तथा पोखिएको विषादी व्यवस्थापन र जीवनाशक विषादी ओसारपसार हुँदा हुन सक्ने सम्भावित | ➢ जीवनाशक विषादी ओसारपसारमा हुनुपर्ने सावधानी<br>➢ चुहिएको वा पोखिएको जीवनाशक विषादी व्यवस्थापन ।<br>➢ जीवनाशक विषादी ओसारपसार हुँदा हुन | प्रवचन तथा छलफल | १ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | दुर्घटना र बच्ने उपायहरू, | सक्ने सम्भावित दुर्घटना र बच्ने उपायहरू, | | | |
| ५ | जीवनाशक विषादीजन्य विष लागेको लक्षण र त्यसको प्राथमिक उपचार | ➢ जीवनाशक विषादी प्रवेश माध्यम,<br>➢ मानव स्वास्थ्यमा विष लागेको लक्षण र प्राथमिक उपचार<br>➢ जीवनाशक विषादीको मानव स्वास्थ्यमा तत्कालिन तथा दीर्घकालिन असरहरु । | प्रवचन तथा छलफल | १ | |
| ६ | जीवनाशक विषादी ओसारपसारको अभिलेखिकरण तथा सरोकार निकाय संग समन्वय तथा सरोकार निकायमा पृष्ठपोषण | ➢ जीवनाशक विषादी ओसारपसारका लागि आवश्यक अभिलेखिकरण,<br>➢ Material safety data sheet,<br>➢ ओसारपसारमा सरोकार निकाय संग समन्वय तथा भूमिका ।<br>➢ सरोकार निकायमा पृष्ठपोषण तथा<br>➢ सरोकार निकायमा परेका समस्याहरु र समाधानका उपायहरु तथा कार्यान्वयनका पक्षहरु । | प्रवचन तथा छलफल | १ | |
| ७ | परीक्षा (पोष्ट टेस्ट) तथा कार्यक्रमको समापन | | | १ | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

सचिव

अनुसूची -४

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

नेपाल सरकार

Government of Nepal

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

Ministry of Agriculture and Livestock Development

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

Plant Quarantine and Pesticide Management Centre

हरिहरभवन, ललितपुर

Hariharbhavan, Lalitpur

सहभागीको फोटो

प्रमाणपत्र नम्बर: Certificate Number:

जारी मिति: Issue date:

## प्रमाणपत्र

## CERTIFICATE

**यो प्रमाणित गरिन्छ कि -**

देहाय बमोजिम विवरण भएका श्री .........................................................................ले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ११ को उपनियम (१) को खण्ड (ग) र नियम १२ को प्रयोजनको लागि मिति .................देखि .................सम्म यस केन्द्रबाट सञ्चालित तालिममा (सन्दर्भ नम्बर :.........) सहभागी भइ आवश्यक ज्ञान हासिल गर्नु भएको छ ।

**This is to certify that-**

Mr./Ms. ........................................................ with the following details has participated in the training (Reference number: .............) coordinated by this Center from .................... to........................, as required under Rule 11, Sub-rule (1), Clause (g) and Rule 12 of the Pesticide Management Regulation, 2081, for the purposes mentioned below and has acquired the necessary knowledge.

| | |
|---|---|
| ठेगाना (जिल्ला, गा.पा./न.पा., वार्ड नं.) : | Address: |
| नागरिकता नम्बर र नागरिकता लिएको जिल्ला: | Citizenship Number and District: |
| राष्ट्रिय परिचय पत्र नम्बर: | National Identity Number: |

**<u>प्रयोजन:</u>** पञ्जीकृत वा पुनः पञ्जीकृत जीवनाशक विषादीको **उत्पादन/ संश्लेषण/ निकासी/ पैठारी/ओसारपसार/** प्याकिङ्ग वा पुनः प्याकिङ्ग

**<u>Purpose:</u>** Registered/re-registered pesticide production/ Formulation/ Export/ Import/ Transportation/ Packaging and Re-packaging.

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

..............................
प्रमुख (सहसचिव)
Chief (Joint Secretary)

नियम १३ को उपनियम (१) को खण्ड (ङ) को प्रयोजनको लागि लिएको तालिमको अध्यावधिक विवरण:
[Updated details of the training undertaken as per Rule 13, Sub-rule (1), Clause (e)]

| क्र.सं. (S.N.) | तालिम सन्दर्भ नम्बर (Training reference number) | तालिम संचालन भएको मिति (Date of training) | | प्रमाणित गर्ने प्रमुखको हस्ताक्षर (Sign of certifying Authority) | कार्यालयको छाप (Office Seal) |
|---|---|---|---|---|---|
| | | देखि (from) | सम्म (to) | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

अनुसूची -५

(दफा ४ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**व्यक्ति, संस्था वा निकायले तालिममा सहभागीताका लागि केन्द्र समक्ष पेश गर्ने आवेदनको ढाँचा**

| |
|---|
| तालिममा सहभागी हुने व्यक्तिको पासपोर्ट साइज फोटो |

श्रीमान् प्रमुखज्यू,
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र,
हरिहरभवन, ललितपुर ।

विषयः तालिममा सहभागी गराइ दिनु हुन ।

जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ११ को उपनियम (१) को खण्ड (ग) र नियम १२ को उपनियम (१) को प्रयोजनको लागि सञ्चालन हुने तालिममा देहायबमोजिमको व्यक्तिलाई सहभागी गराइदिनु हुन तपसिलका कागजातहरु साथमा यो निवेदन पेश गर्दछु।

**१. तालिममा सहभागी हुने व्यक्तिको विवरण**

| | |
|---|---|
| (क) | नामः |
| (ख) | ठेगानाः |
| (ग) | नागरिकता नम्बर र नागरिकता लिएको जिल्लाः |
| (घ) | राष्ट्रिय परिचयपत्र नम्बरः |
| (ङ) | सम्पर्क मोबाइल नं. : |
| (च) | इमेलः |

**२. तालिममा सहभागी हुने व्यक्तिसँग सम्बन्धित कागजातको विवरण**

| | |
|---|---|
| (छ) | नेपाली नागरिकताको प्रतिलिपि |
| (ज) | शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि |

**३. तालिम माग गर्नुपर्ने कारण (ठीक चिन्ह √ लगाउनुहोस) :**

☐ नयाँ इजाजतपत्र प्राप्त गर्न तोकिएको तालिम लिएको व्यक्ति नभएकोले ।

☐ इजाजपत्र प्राप्त गरी कारोवार गरिरहेको अवस्थामा तोकिएको तालिम लिएको व्यक्ति नरहेकोले/नरहने भएकोले ।

**स्वघोषणाः मलाई/तालिममा सहभागी हुने व्यक्तिलाई कुनैपनि किसिमको दीर्घरोग लागेको छैन ।**

| | |
|---|---|
| तालिमका सहभागी हुने व्यक्तिकोः | अनुमतिपत्रको लागि आवेदक संस्था वा निकायको आधिकारीक व्यक्तिकोः |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| | |
|---|---|
| दस्तखतः<br>नामः | दस्तखतः<br>नाम थरः<br>संस्था/निकायको नामः<br>ठेगानाः<br>सम्पर्क मोवाइल नं.<br>मितिः<br>छापः |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची -६

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**व्यक्ति, संस्था वा निकायले पुनर्ताजगी तालिममा सहभागीताका लागि केन्द्र समक्ष पेश गर्ने आवेदनको ढाँचा**

| |
|---|
| तालिममा सहभागी हुने व्यक्तिको पासपोर्ट साइज फोटो |

श्रीमान् प्रमुखज्यू,
प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र,
हरिहरभवन, ललितपुर ।

विषयः पुनर्ताजगी तालिममा सहभागी गराइदिनु हुन ।

जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम १३ बमोजिम इजाजतपत्रको नवीकरण गर्ने प्रयोजनार्थ सोही नियमको उपनियम (१) को खण्ड (ङ) को प्रयोजनको लागि पुनर्ताजगी तालिम आवश्यक पर्ने भएको हुँदा उक्त तालिममा देहायबमोजिमको व्यक्तिलाई सहभागी गराइदिनु हुन तपसिल बमोजिमका कागजातहरुका साथ यो निवेदन पेश गर्दछु।

**१. तालिममा सहभागी हुने व्यक्तिको विवरण**

| |
|---|
| (क) नामः |
| (ख) ठेगानाः |
| (ग) सम्पर्क मोबाइल नं. : |
| (घ) इमेलः |

**२. तालिममा सहभागी हुने व्यक्तिसँग सम्बन्धित कागजातको विवरण**

| |
|---|
| (ङ) नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ग) बमोजिम लिएको तालिमको प्रमाणपत्रको प्रतिलिपि |

| तालिममा सहभागी हुने व्यक्तिको: | अनुमतिपत्रको लागि आवेदक संस्था वा निकायको आधिकारीक व्यक्तिको: |
|---|---|
| दस्तखतः<br>नामः | दस्तखतः<br>नाम थरः<br>संस्था/निकायको नामः<br>ठेगानाः |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | सम्पर्क मोवाइल नं.<br>मितिः<br>छापः |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव